# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १७ ] काठमाडौं, श्रावण २२ गते २०२४ साल [ अतिरिक्ताङ्क २०

**श्री ५ को सरकार**

### कानून तथा न्याय-मन्त्रालयको

### सूचना

नेपाल विशेष अदालत ऐन, २०१३ ( संशोधनहरू सहित ) को दफा २, ३ र ७ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले यो आदेश जारी गरेको छ ।

चितौन जिल्ला अदालतका जिल्ला न्यायाधीश एक सदस्यीय विशेष अदालत गठन गरिएको छ ।

वाइल्ड लाइफ मेनेजमेण्ट डिभिजन कार्यालय, चितौनबाट दायर हुन आउने गैंडा गस्तीसम्बन्धी मुद्दाहरू र इन्द्रलाल थकाली र सी. धनबहादुरसमेत भएको परासी जिल्ला अदालतमा दायर रहेको गैंडा गस्तीको मुद्दा उक्त अदालतबाट झिकी हेरी कारवाही किनारा गर्न यस विशेष अदालतलाई सुम्पिएको छ । सो विशेष अदालतले चितौन जिल्लाभित्र जहाँसुकै पनि आफ्नो इजलास कायम गर्न सक्ने छ ।

आज्ञाले–<br>
रमानन्दप्रसाद सिंह<br>
श्री ५ को सरकारको का. मु. सचिव ।



श्री ५ को सरकारको छापाखानामा मुद्रित

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरेपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

32C

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।